
# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४४ | अङ्क १ | नेपाल राष्ट्र बैंक समाचार | असोज २०७६ | सेप्टेम्बर-अक्टोबर २०१९


# आरटीजीएस प्रणालीको विधिवत् शुरुवात




नेपाल राष्ट्र बैंकले औपचारिक रुपमा रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) प्रणालीको शुरुवात गरेको छ ।

२०७६ भदौ २९ गते बालुवाटारस्थित बैंक परिसरमा आयोजित एक समारोहका बीच आरटीजीएस प्रणालीको शुरुवात भएको हो । समारोहमा गभर्नर डा. चिरंजीबि नेपाल र लण्डन सिटीका लर्ड मेयर पिटर इस्ट्लिनले संयुक्त रूपमा आरटीजीएस प्रणालीको उद्घाटन गर्नुभयो । सो अवसरमा उहाँहरूले बैंकमा रहेको मोडुलर डाटा सेन्टरको समेत उद्घाटन गर्नुभयो ।

समारोहमा गभर्नर डा. नेपालले आरटीजीएस प्रणालीले सुरक्षित, स्वस्थ र सक्षम भुक्तानी प्रणालीको विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यसबाट मुलुकको भुक्तानी प्रणालीलाई सहज, सरल, विश्वसनीय र द्रुत बनाउने मैले विश्वास लिएको छ ।"



गभर्नर डा. नेपालले आरटीजीएस सञ्चालनले भुक्तानी प्रक्रियामा चेक लगायतका कागजी प्रक्रियाको अन्त्य भएको उल्लेख गर्दै यसबाट ठूलो रकम तथा सरकारी राजस्वको भुक्तानी छरितो र विश्वसनीय हुने विश्वास व्यक्त गर्नुभयो । यसबाट समग्र वित्तीय प्रणालीको विश्वसनीयता समेत अभिवृद्धि हुने उहाँको भनाइ थियो । सो अवसरमा लण्डन सिटीका लर्ड मेयर पिटर इस्ट्लिनले आरटीजीएसको थालनीसँगै नेपालको विद्युतीय भुक्तानी प्रणालीले थप गति लिने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक बमबहादुर मिश्रले आरटीजीएस शुरुवातको दिन नेपालको भुक्तानी प्रणालीको इतिहासमा 'सुनौलो दिन' को रूपमा रहने बताउनुभयो । आरटीजीएसको थालनी भुक्तानी प्रणालीको आधुनिकीकरणतर्फको महत्वपूर्ण खुट्किलो रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "यसको प्रयोगबाट समयको बचत हुने, खर्च कटौती हुने र रकम थोरै समयमा धेरै पटक ट्रान्सफर गर्न सकिने भएकाले मुद्राको गति समेत बढ्नेछ ।"




उद्घाटन समारोहमा नेपाल इन्भेष्टमेन्ट बैंकबाट माछापुच्छ्रे बैंक लिमिटेडमा आरटीजीएस प्रणालीको माध्यमबाट रु.२० करोड ट्रान्सफर गरेर उक्त प्रणालीको औपचारिक शुरुवात गरिएको थियो।

उद्घाटन समारोहमा नेपालस्थित बेलायती राजदूत रिचार्ड मोरिस, डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी, यूके एड सक्षमका टिम लिडर बलजीत बोहरा, राष्ट्र बैंकका उच्च अधिकारीहरू, बैंक तथा वित्तीय संस्थाका अधिकारीहरू, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रमपछि गभर्नर डा. चिरंजीबि नेपाल, लर्ड मयेर पिटर इस्ट्लिन, बेलायती राजदूत रिचार्ड मोरिस डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी लगायत अन्य पदाधिकारीहरूले आरटीजीएस प्रणालीको सर्भर कक्षको अवलोकन गर्नुभएको थियो। बेलायती सहयोग संस्था यूके एड सक्षमको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल राष्ट्र बैंकमा आरटीजीएस प्रणाली स्थापना गरिएको हो। यस प्रणालीमा चेकको प्रयोग नगरी 'ट्रान्सफर इन्स्ट्रक्सन' को आधारमा कुनै व्यक्ति/संस्थाको खाताबाट अर्को व्यक्ति/संस्थाको खातामा तुरुन्तै रकम ट्रान्सफर गर्न सकिने बताइएको छ। प्रारम्भिक चरणमा दुई लाख रुपैयाँदेखि बीस लाख रुपैयाँसम्म ऐच्छिक र बीस लाख रुपैयाँभन्दा माथिको रकम आरटीजीएस प्रणालीबाटै ट्रान्सफर गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ। हाललाई "क" वर्गका वाणिज्य बैंकहरूलाई सो प्रणालीमा आबद्ध गरिएको छ भने "ख" र "ग" वर्गको वित्तीय संस्थालाई २०७६ पुस मसान्तभित्र आबद्ध गराउने तयारी रहेको छ।

'सुरक्षित, स्वस्थ र सक्षम भुक्तानी प्रणालीको विकास गर्ने' भन्ने राष्ट्र बैंकको उद्देश्यको कार्यान्वयनमा आरटीजीएसले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ। साथै, आरटीजीएस स्वचालित प्रणाली रहेको, कम समय र जनशक्तिको प्रयोगबाट भुक्तानी कार्य गर्न सकिने भएको हुँदा यसको प्रयोगबाट बैंक तथा वित्तीय संस्थाको सञ्चालन लागत समेत घट्ने अपेक्षा राखिएको छ।

# आरटीजीएस प्रणाली सञ्चालन सम्बन्धी निर्देशन

नेपाल राष्ट्र बैंकले यस बैंकबाट सञ्चालन भएको आरटीजीएसबाट भुक्तानी कारोबार फर्स्यौट गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरूलाई नीतिगत निर्देशन जारी गरेको छ।

भुक्तानी प्रणाली विभागले २०७६ भदौ २० गते आरटीजीएस प्रणाली सञ्चालन सम्बन्धमा अ.प्रा. निर्देशन/९/०७६ मार्फत यस्तो निर्देशन जारी गरेको हो। विभागको निर्देशन अनुसार, राष्ट्र बैंकबाट सञ्चालन हुने आरटीजीएस प्रणालीमा 'क' वर्गका बैंकले Direct Participant भई कारोबार गर्नुपर्ने व्यवस्था गरिएको हुँदा सोही बमोजिम आन्तरिक व्यवस्था तथा Participant Agreement सम्बन्धी कार्य २०७६ भदौ २४ भित्र सम्पन्न गरिसक्नुपर्ने उल्लेख छ।

यस्तै, 'ख' र 'ग' वर्गका वित्तीय संस्थालाई दोस्रो चरणको आरटीजीएस प्रणालीमा सहभागी गराइने र त्यसको निम्ति ती संस्थाले Direct वा Indirect Participant हुनको लागि २०७६ पुस मसान्तभित्र आवेदन गर्नुपर्ने जनाइएको छ। विभागको निर्देशन अनुसार, RTGS System Rules मा Direct Participant भएका बैंक तथा वित्तीय संस्थाले Straight Through Processing (STP) मार्फत कारोबार सञ्चालन गर्नुपर्नेछ। STP लागू नभएका संस्थाको हकमा हाललाई RTGS System को TMS/X (Web Service) मार्फत Manual Basis मा कारोबार सञ्चालन गर्न सकिनेछ। तथापि, २०७६ पुस मसान्तपछि भने STP मार्फत RTGS कारोबार नै गर्नुपर्ने जनाइएको छ।

यस क्रममा RTGS System द्वारा कारोबार फर्स्यौट हुने क्रममा RTGS Settlement Account मा मौज्दात कम भई तत्काल भुक्तानी हुन नसक्ने अवस्था आएमा सदस्य बैंक वा वित्तीय संस्थालाई तत्काल आवश्यक पर्ने Intraday Liquidity Facility (ILF) उपलब्ध गराउनको निम्ति विभिन्न नीतिगत व्यवस्था गरिएको छ।

नेपाल राष्ट्र बैंकको GL System मा खाता रहेका इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका प्रत्येक बैंक तथा वित्तीय संस्थाको लागि RTGS System बाट कारोबार सञ्चालन गर्न आवश्यक पर्ने Settlement Account को व्यवस्था गरिएको विभागको निर्देशनमा उल्लेख छ। यसरी RTGS System बाट हुने प्रति कारोबार शुल्क RTGS System Rules, 2019 मा तोकिएको दरभन्दा बढी असुल गर्न नपाइने व्यवस्था गरिएको छ।

यसैगरी, RTGS System लागू भइसकेपछि RTGS System Rules, 2019 ले तोके बमोजिमको कारोबारको सीमा रु.२० लाख वा सोभन्दा बढी रकमका चेकहरूको भुक्तानी अर्को सूचना जारी नभएसम्मको लागि साविक बमोजिम नै हुने जनाइएको छ।

# पीओएस कारोबारमा शुल्क लिन नपाइने

नेपाल राष्ट्र बैंकले विद्युतीय कार्ड प्रयोग गरी प्वाइन्ट अफ सेल (पीओएस) मेशीन मार्फत कारोबार गर्दा शुल्क लिन नपाइने व्यवस्था मिलाउन यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाहरूलाई निर्देशन दिएको छ।

बैंकको भुक्तानी प्रणाली विभागद्वारा २०७६ भदौ १९ मा जारी परिपत्रमा भुक्तानी सेवा सञ्चालन गर्न अनुमतिपत्रप्राप्त संस्थाले डिपार्टमेन्टल स्टोर, मार्ट, होटल, पसल लगायतका मर्चेन्टहरूबाट प्वाइन्ट अफ सेल (पीओएस) मेशीन मार्फत कारोबार गर्दा ग्राहकसँग कुनै प्रकारको शुल्क लिन नपाइने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरिएको छ। यस बैंकबाट भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाहरूले नेपाल राष्ट्र बैंकबाट तोकिएको ढाँचामा विद्युतीय माध्यमबाट हुने कारोबारको अनलाइन रिपोर्टिङ गर्नुपर्ने समेत परिपत्रमा उल्लेख छ।

कुनै मर्चेन्टले कारोबार रकम बाहेक अतिरिक्त शुल्क लिएमा कारोबारको बिल र भुक्तानी रसिदसहित कार्ड जारी गर्ने संस्थामा सम्पर्क राख्न समेत ग्राहकहरूलाई विभागले अनुरोध गरेको छ।

## नियमन विभागद्वारा विभिन्न सूचना जारी

नेपाल राष्ट्र बैंकले यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई सूचना प्रविधि प्रणालीमा अन्तरनिहित आन्तरिक एवम् बाह्य सुरक्षाको जोखिम न्यूनीकरण तथा व्यवस्थापनका निम्ति सूचना जारी गरेको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७६ भदौ २४ गते पत्र संख्या बैं.वि.नि.वि./नीति/सूचना/६/०७६/०७७ मार्फत् जारी गरिएको सूचनामा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई आफ्नो वेबसाईट, Mobile App, आधिकारिक सामाजिक सञ्जाल तथा सूचना प्रविधि प्रणालीमा पनि Cyber Attack, Malware Virus, Ransomware जस्ता जोखिम, बाह्य जोखिम, Spam, Phishing, Spoofing आदि माध्यमबाट वा प्रणालीमा अनधिकृत पहुँच पुर्‍याई सूचना चुहावट र चोरी (Data Loss and Theft) तथा आर्थिक चोरीको जोखिम, आधिकारिक सेवाको पहुँच रोक्ने (Denial of Service) लगायतका जोखिमबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न आवश्यक Perimeter Defense, Acess Control, Encryption, Antivirus, Firewall आदि जस्ता प्राविधिक क्षमता सुदृढ गर्ने र अद्यावधिक गर्ने, सूचना आदान प्रदान गर्दा, भुक्तानी आदेश गर्दा, एवम् सेवा प्रवाह गर्दा अवलम्बन गरेका प्रणालीको सत्यता जाँच गरेर मात्र गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।

कतिपय असम्बन्धित व्यक्ति र स्थानबाट नक्कली पत्राचार एवम् भुक्तानीको आदेश समेतबाट प्रयुक्त प्रणालीको दुरूपयोग गर्ने प्रयासहरू भएकोले प्रणालीहरूको अनुगमन (Regular Monitoring & Reporting) को व्यवस्था गर्ने र भएका Incident and Attack को सूचना सम्बन्धित निकायमा दिने व्यवस्था गर्नुपर्ने सूचनामा उल्लेख छ। यसका साथै, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूमा सञ्चालनमा रहेका विभिन्न प्रणालीको Preventive, Detective and Responsive IT security Strategy तयार गर्ने एवम् प्रयोगमा ल्याएको IT प्रणालीको Security Audit गरी सो बाट देखिएका समस्यालाई तत्काल सम्बोधन गर्दै अन्तर्राष्ट्रिय असल अभ्यास (International Best Practices) अनुरूपको पूर्व-सकृयतापूर्वक (Proactive) व्यवस्थापन गर्न कर्मचारी तथा प्रयोगकर्ताको क्षमता अभिवृद्धि (Awareness and Capacity Development) को आवधिक व्यवस्था गर्नुपर्ने साथै नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत सूचना प्रविधि आकस्मिक सहायता समूह (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७५ बमोजिम साइबर सुरक्षा सम्बन्धी घटनामा तत्काल सहायता उपलब्ध हुने व्यवस्था मिलाउनुपर्ने समेत उक्त सूचनामा उल्लेख छ।

## डेबिट कार्डबाट हुने कारोबारको सीमा घट्यो

नेपाल राष्ट्र बैंकले डेबिट कार्डको प्रयोग मार्फत हुने कारोबारको सीमा घटाएको छ। बैंकको भुक्तानी प्रणाली विभागद्वारा २०७६ भदौ १९ मा जारी परिपत्र अनुसार, अ.प्रा. निर्देशन ०५/०७५ को निर्देशनको बुँदा नं. १.१ को (ङ) मा संशोधन गरी उक्त सीमा घटाइएको हो।

संशोधित व्यवस्था अनुसार, डेबिट कार्डबाट न्यूनतम प्रति कारोबार रु.५००।- देखि अधिकतम रु.२०,०००।- सम्म नगद झिक्न पाइनेछ। तर, प्रति दिन रु.६०,०००।- भन्दा बढी नगद झिक्न भने पाइने छैन। साथै, बैंक तथा वित्तीय संस्थाले नगद व्यवस्थापन, भौगोलिक अवस्था, सुरक्षा व्यवस्था र विशेष परिस्थिति समेतलाई ध्यानमा राखी तोकिएको रकमको सीमा घटाउन यस व्यवस्थाले बाधा नपुग्ने परिपत्रमा जनाइएको छ।

बैंक तथा वित्तीय संस्थाले Issuer र Acquirer फरक संस्था भई डेबिट कार्डबाट रकम झिक्दा एक पटकमा न्यूनतम रु.५००।- देखि अधिकतम रु.२०,०००।- सम्म नगद झिक्न मिल्ने व्यवस्था मिलाउन नेपाल राष्ट्र बैंकले निर्देशन दिएको छ। यस्तो कारोबारमा लिइने सेवा शुल्क अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्ने परिपत्रमा उल्लेख छ। साथै, यस्तो कारोबारमा लाग्ने सेवा शुल्क अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्ने समेत परिपत्रमा जनाइएको छ।

# BOK-KPP कार्यक्रम सम्बन्धी समझदारी

नेपाल राष्ट्र बैंक र बैंक अफ कोरियाबीच "Bank of Korea - Knowledge Partnership Program (BOK-KPP), 2019 कार्यक्रम सञ्चालन गर्ने समझदारी भएको छ।

२०७६ भदौ १० गते काठमाडौंमा आयोजित एक समारोहमा दुई बैंकबीच BOK-KPP को समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भयो । समझदारीपत्रमा नेपाल राष्ट्र बैंकका तर्फबाट गभर्नरको कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिला र बैंक अफ कोरियाको तर्फबाट उक्त बैंकको अन्तर्राष्ट्रिय मामिला विभागका उप-महाप्रबन्धक जी यङ जुङले हस्ताक्षर गर्नुभयो। बैंक अफ कोरिया दक्षिण कोरियाको केन्द्रीय बैंक हो।




समारोहमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के र बैंक अफ कोरिया अन्तर्राष्ट्रिय मामिला विभागका उप-महाप्रबन्धक जी यङ जुङले स्वागत मन्तव्य राख्नुभएको थियो । सो अवसरमा कोरिया युनिभर्सिटीका प्राध्यापक डा. जुङ ल्योल लीले BOK-KPP कार्यक्रमको अध्ययन ढाँचा र कार्यक्रमको योजनाका सम्बन्धमा संक्षिप्त प्रकाश पार्नुभएको थियो।

यसैगरी, नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागका निर्देशक दयाराम शर्मा पंगेनीले नेपालमा वित्तीय साक्षरता र वित्तीय समावेशीकरणको अवस्थालाई समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा योन्सेई युनिभर्सिटीका प्राध्यापक डा. जुन मो यङले नेपालमा वित्तीय समावेशीकरण र साक्षरता कार्यक्रमको विकाससम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको समेत उपस्थिति थियो।

यस कार्यक्रम अन्तर्गत बैंक अफ कोरिया र युनिभर्सिटी अफ कोरियाको संयुक्त अनुसन्धान टोलीले नेपालको वित्तीय समावेशीकरण/वित्तीय साक्षरता र सो सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा अध्ययन/अनुसन्धान गर्नेछ । उक्त अध्ययन पश्चात् टोलीले नेपाल राष्ट्र बैंकलाई अन्तरिम र अन्तिम (विस्तृत) गरी दुई चरणमा नीतिगत सुझावसहितको प्रतिवेदन प्रस्तुत गर्ने जनाइएको छ।

उक्त कार्यक्रमको निम्ति नेपाल राष्ट्र बैंकको तर्फबाट मुद्रा व्यवस्थापन विभागका निर्देशक दयाराम शर्मा पंगेनीको संयोजकत्वमा पाँच सदस्यीय टोलीको मनोनयन गरिएको छ। समितिमा उप-निर्देशकद्वय राजनप्रसाद अधिकारी र सुशिल ज्ञवाली तथा सहायक निर्देशकद्वय मनोजकुमार केसी र जुगलकिशोर कुशवाहा सदस्य हुनुहुन्छ । BOK-KPP कार्यक्रम अन्तर्गत बैंक अफ कोरियाको तर्फबाट नेपाल राष्ट्र बैंकको अध्ययन टोलीका सदस्यलाई कोरियाको अवलोकन भ्रमण गराई क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण समेत उपलब्ध गराउनेछ। साथै, उक्त कार्यक्रमबाट दुई बैंकमा भएका सफल नीतिगत अभ्यासको ज्ञान आदानप्रदानमा मद्दत पुग्ने अपेक्षा गरिएको छ।

यसअघि संयुक्त अनुसन्धान टोलीले २०७६ साउन १० देखि १७ गतेसम्म स्याङ्जाको बिरुवा र पुतलीबजारस्थित सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडको शाखा कार्यालय, काठमाडौंस्थित लक्ष्मी बैंक लिमिटेडको साना तथा मझौला व्यवसाय प्रवर्द्धन इकाई, निर्धन लघुवित्त वित्तीय संस्था लिमिटेड, चन्द्रागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नेपाल लघुवित्त संघमा पुगी नेपालमा वित्तीय समावेशीकरणको विषयमा स्थलगत अध्ययन गरेको थियो।

बैंक अफ कोरियाको तर्फबाट BOK-KPP कार्यक्रम कार्यान्वयनमा ल्याइएको यो तेस्रो पटक हो। यस अघि सन् २०१७ र २०१८ मा क्रमशः समष्टिगत अर्थव्यवस्थाको प्रक्षेपण र भुक्तानी/फछ्र्यौट प्रणालीको नीतिगत व्यवस्थाका सम्बन्धमा अध्ययन/अनुसन्धान गरी नेपाल राष्ट्र बैंकलाई सुझाव प्रदान गरिएको थियो।

## डेपुटी गभर्नर श्रेष्ठ लण्डनमा

डेपुटी गभर्नर शिवराज श्रेष्ठ DeLaRue द्वारा २०१९ सेप्टेम्बर १७-१९ मा लण्डनमा आयोजित High Level Executive Conference विषयक कार्यक्रममा सहभागी हुनुभयो।

# जाम्बिया र गाम्बियाको केन्द्रीय बैंक प्रतिनिधिद्वारा राष्ट्र बैंकको भ्रमण

बैंक अफ जाम्बिया र सेन्ट्रल बैंक अफ गाम्बियाका प्रतिनिधिहरूले २०७६ भदौ ११ गते नेपाल राष्ट्र बैंकको अवलोकन भ्रमण गरेका छन्।

संयुक्त राष्ट्रसंघीय पुँजी विकास कोष (यूएनसीडीएफ) को समन्वयमा आयोजित भ्रमणमा बैंक अफ जाम्बियाका सात, सेन्ट्रल बैंक अफ गाम्बियाका दुई र राष्ट्रसंघीय पुँजी विकास कोषबाट एक गरी १० जना प्रतिनिधिको सहभागिता थियो ।

भ्रमणका अवसरमा नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालयद्वारा यस बैंकले अवलम्बन गरेको एनआरबी रिपोर्टिङ एण्ड एनालाटिक सिस्टम र नियमन, सुपरिवेक्षण, भुक्तानी, सूचना प्रविधि, लघुवित्त तथा अनुसन्धान सम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक रविन भण्डारीले राष्ट्र बैंकले अवलम्बन गरेको वित्तीय समावेशीकरण सम्बन्धी ई-म्यापिङ र इजाजतपत्रप्राप्त संस्थाले गर्नुपर्ने अनलाईन रिपोर्टिङ पद्धतिसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। यसैगरी, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले नेपालको लघुवित्त संस्थाको सञ्चालन, नियमन र सुपरिवेक्षणको नीतिगत व्यवस्थाबारे जानकारी दिनुभएको थियो ।



कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल र निर्देशक किरण पण्डितले राष्ट्र बैंकले अवलम्बन गरेको नियामकीय पद्धति, कार्यगत अभ्यास र चुनौतीको विषयमा जानकारी दिनुभयो। सूचना प्रविधि विभागका उप-निर्देशक अनिल प्रधानले राष्ट्र बैंकको सूचना तथा सञ्चार प्रविधि, डाटा सिस्टमका सम्बन्धमा जानकारी दिनुभएको थियो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका निर्देशक आनन्द पौड्याल र उप-निर्देशक टेकराज भण्डारीले राष्ट्र बैंकको भुक्तानी प्रणालीको नीतिगत र कार्यगत अभ्यासको सम्बन्धमा सहभागी प्रतिनिधिहरूलाई जानकारी दिनुभयो । यसैगरी, अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले राष्ट्र बैंकबाट हुने अध्ययन/अनुसन्धान, तथ्याङ्क विश्लेषण र रिपोर्टिङ प्रणालीको बारेमा जानकारी दिनुभएको थियो। विषयगत विभागका स्रोत व्यक्तिहरूले सहभागीले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो। कार्यक्रममा सहभागी जाम्बिया र गाम्बियाका केन्द्रीय बैंकका प्रतिनिधिहरूले राष्ट्र बैंकको अवलोकन भ्रमण र अन्तरक्रिया फलदायी रहेको प्रतिक्रिया दिए। गभर्नरको कार्यालयका उप-निर्देशक सुरेशकुमार दहालले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

भ्रमणका क्रममा उनीहरूले डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीसँग भेटवार्ता गरेका थिए । भेटका अवसरमा नेपालको बैंकिङ तथा वित्तीय प्रणाली, वित्तीय पहुँच, लगायतका विषयमा छलफल भएको थियो।

# वीरगञ्जमा विद्युतीय भुक्तानी सम्बन्धी अन्तरक्रिया सम्पन्न

नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयले २०७६ भदौ १० गते वीरगञ्जमा 'विद्युतीय भुक्तानी प्रणाली, भुक्तानी सम्बन्धी सचेतना तथा अन्तरक्रिया' कार्यक्रम आयोजना गऱ्यो। भुक्तानी प्रणाली विभागको समन्वयमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

विभागका कार्यकारी निर्देशक बमबहादुर मिश्रको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमको सभापतित्व वीरगञ्ज कार्यालयका निर्देशक राजनविक्रम थापाले गर्नुभएको थियो। कार्यक्रममा वीरगञ्जस्थित बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक संस्था, कोष तथा लेखा नियन्त्रकको कार्यालय, कर कार्यालयका प्रतिनिधि लगायतको सहभागिता थियो ।

उक्त कार्यक्रममा भुक्तानी प्रणाली विभागका निर्देशक सुभाषचन्द्र घिमिरे र उप-निर्देशक कृष्णप्रसाद शर्माले विद्युतीय भुक्तानी प्रणालीको नीतिगत व्यवस्था, महत्व, चुनौतीहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो अवसरमा विभागका कार्यकारी निर्देशक बमबहादुर मिश्रले स्वस्थ र सुरक्षित भुक्तानी प्रणालीको विकास र प्रवर्द्धन गरी जनतालाई सर्वसुलभ वित्तीय सेवा प्रदान गर्नको लागि नेपाल राष्ट्र बैंक संवेदनशील रहेको बताउनुभयो । साथै, कार्यकारी निर्देशक मिश्रले सहभागीका तर्फबाट राखिएका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक राजनविक्रम थापाले विद्युतीय माध्यमबाट वित्तीय कारोवार गर्दा सम्बन्धित सेवा प्रदायक तथा प्रयोगकर्ता दुवै चनाखो हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा वीरगञ्ज कार्यालयका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्नुभएको थियो भने सहायक निर्देशक अमिश शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



# डेपुटी गभर्नर शिवाकोटी धनगढीको विभिन्न कार्यक्रममा सहभागी

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले २०७६ भदौ २४ गते एनआरएन लघुवित्त वित्तीय संस्था लिमिटेडको एकीकृत कारोबारको उद्घाटन गर्नुभयो । रामारोशन, क्रियटिभ र एनआरएन लघुवित्त गाभिएर एनआरएन लघुवित्त वित्तीय संस्था लिमिटेडको नाममा एकीकृत कारोबार शुरु भएको हो ।

सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले एकीकृत संस्थालाई बधाई दिँदै ग्रामीण क्षेत्रमा वित्तीय सेवा विस्तार गरी गरिबी निवारणमा टेवा पुऱ्याउन आग्रह गर्नुभयो । कार्यक्रममा नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीले समेत एनआरएन लघुवित्त वित्तीय संस्था लिमिटेडलाई शुभकामना दिनुभएको थियो ।

यसैगरी, डेपुटी गभर्नर शिवाकोटी सोही दिन कैलाली उद्योग वाणिज्य संघद्वारा आयोजित स्वागत तथा भेटघाट कार्यक्रममा सहभागी हुनुभयो । सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले बैंक तथा वित्तीय संस्था र व्यवसायीहरू आर्थिक विकासका सम्बाहक रहेको चर्चा गर्दै सहकार्य गरेर अघि बढ्न दुबै पक्षलाई आग्रह गर्नुभयो । सो अवसरमा उहाँले व्यवसायी र सञ्चारकर्मीले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यक्रममा धनगढी कार्यालयका उप-निर्देशक मनोज पोखरेल र का.मु. उप-निर्देशक झकेन्द्रबहादुर शाहीको समेत उपस्थिति रहेको थियो ।

यसैगरी, डेपुटी गभर्नर शिवाकोटीले सोही दिन नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयको निरीक्षण गर्नुभयो । सो अवसरमा धनगढी कार्यालयमा उहाँको स्वागतमा एक कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा कार्यालयका निर्देशक निश्चल अधिकारीले डेपुटी गभर्नर शिवाकोटीलाई स्वागत गर्दै कार्यालयका गतिविधिबारे जानकारी दिनुभएको थियो ।

सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले धनगढी कार्यालयको भौतिक संरचना, जनशक्ति व्यवस्थापन



लगायतका विषयमा जानकारी लिनुका साथै कर्मचारीका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यालयका उप-निर्देशक मनोज पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# बिर्तामोडमा वित्तीय जागरण अभियान सम्पन्न

पूर्वी नेपालको बिर्तामोडमा २०७६ भदौ ३० गते 'वित्तीय जागरण राष्ट्रिय अभियान' कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल राष्ट्र बैंकको प्रवर्द्धन र मिडिया इन्टरनेशनलको आयोजनामा उक्त कार्यक्रम सम्पन्न भएको हो । डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले वित्तीय जागरण अभियानको उद्घाटन गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै डेपुटी गभर्नर शिवाकोटीले जनमानसमा वित्तीय चेतनाको स्तर वृद्धि नभई मुलुकमा समृद्धि सम्भव नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "जब प्रत्येक व्यक्तिमा उद्यमशीलताको विकास हुन्छ, तब मुलुकमा समृद्धिको ढोका खुल्नेछ ।"

सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले सबै नागरिकले बैंक खाता खोल्नुपर्ने उल्लेख गर्दै सहुलियत ब्याजदरमा कृषि कर्जा लिएर कृषि उद्यमको विकास गर्न आव्हान गर्नुभयो । वित्तीय साक्षरता अभावका कारण समाज पछि परेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "वित्तीय जागरण अभियानलाई दुर दराजमा पुऱ्याउनुपर्ने आवश्यकता छ ।"

कार्यक्रममा डेभलपमेन्ट बैंकर्स एसोसिएसन अफ नेपालका अध्यक्ष गोविन्दप्रसाद ढकाल, सोसाइटी डेभलपमेन्ट फाउन्डेनका अध्यक्ष रमेश दियाली, नेपाल लघुवित्त बैंकर्स संघका सदस्य देवेन्द्र बस्नेत, वित्तीय जागरण राष्ट्रिय अभियानका संयोजक माधव निर्दोश लगायतले वित्तीय साक्षरताको आवश्यकताबारे मन्तव्य राख्नुभएको थियो ।



# धनगढीमा आर्थिक तथा बैंकिङ गतिविधिबारे छलफल

नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयले २०७६ भदौ ३१ गते आर्थिक तथा बैंकिङ गतिविधिका सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा वाणिज्य बैंकका प्रदेश प्रमुख र शाखा प्रमुख तथा विकास बैंक, वित्त कम्पनी र लघुवित्त वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा कार्यालयका का.मु. उप-निर्देशक झकेन्द्रबहादुर शाहीले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा सहायक निर्देशक द्रोणबहादुर सिंहले सुदूरपश्चिम प्रदेशको रोजगारी अवस्था, कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको योगदान, वित्तीय पहुँच, प्रदेशको कुल निक्षेप/कर्जाको अवस्था,



सफा नोट नीतिको कार्यान्वयन, साईबर सुरक्षा, एकीकृत निर्देशन-२०७५, उत्पादनशील क्षेत्रको कर्जा प्रवाह, सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानसम्बन्धी व्यवस्था लगायतका विषयवस्तु समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा बैंकर्स क्लबका अध्यक्ष धरमकुमार विष्टले मुलुकको आर्थिक तथा वित्तीय नीति तर्जुमाको लागि तथ्याङ्कको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै समयमै राष्ट्र बैंकलाई तथ्याङ्क उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई अनुरोध गर्नुभयो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूले आ-आफ्नो धारणा राखेका थिए ।

सो अवसरमा धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीले राष्ट्र बैंकलाई समयमै तथ्याङ्क उपलब्ध गराउन, सहुलियतपूर्ण कर्जा प्रवाह गरी राज्यको नीति कार्यान्वयनमा सहयोग पुऱ्याउन आग्रह गर्नुभएको थियो । उक्त कार्यक्रम प्रधान सहायक रामकुमार चौधरीले सञ्चालन गर्नुभएको थियो ।

# जनकपुरमा सहुलियतपूर्ण कर्जा सम्बन्धी अन्तरक्रिया कार्यक्रम

नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले २०७६ भाद्र २९ गते जनकपुरमा ब्याज अनुदान प्राप्त हुने सहुलियतपूर्ण कर्जा सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक हिमप्रसाद न्यौपानेको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।



सो अवसरमा जनकपुर कार्यालयका का.मु. उप-निर्देशक डा. रमेशप्रसाद चौलागाईंले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको औचित्य र महत्वमाथि प्रकाश पार्नुभयो । कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक केशवप्रसाद तिमिल्सिनाले 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७५' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा प्रदेश नं. २, सामाजिक विकास मन्त्रालय, कृषि ज्ञान केन्द्र, पशु सेवा कार्यालय, दलित समाज, धनुषा र महोत्तरी जिल्लास्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, बीमा कम्पनीका प्रतिनिधि, प्रधानमन्त्री रोजगार कार्यक्रमको स्थानीय तहका संयोजकहरू, सहुलियतपूर्ण कर्जा उपभोग गरिरहेका ऋणीहरू र स्थानीय पत्रकारहरू सहित ७८ जनाको सहभागिता थियो । अन्तरक्रियामा सहभागीहरूले ब्याज अनुदान प्राप्त हुने सहुलियतपूर्ण कर्जाका बारेमा जनचेतनाको स्तर कमजोर रहेकाले कर्जा साक्षरता, बीमा साक्षरता, कर्जा प्रकृयाको सरलीकरण लगायतका विषयहरूमा सम्बन्धित संस्थाहरूले ध्यान दिनुपर्ने सुझाव दिएका थिए ।

सो अवसरमा जनकपुर कार्यालयका निर्देशक हिमप्रसाद न्यौपानेले प्रदेश नं. २ मा वाणिज्य बैंकले प्रवाह गरेका सहुलियत कर्जाको अवस्थाबारे जानकारी दिँदै रोजगारी सिर्जना गरी आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माणमा यस्तो कर्जाले महत्वपूर्ण भूमिका खेल्नसक्ने बताउनुभयो । निर्देशक न्यौपाने र उप-निर्देशक तिमिल्सिनाले अन्तरक्रियामा उठेका जिज्ञासाको जवाफ दिनुभएको थियो । जनकपुर कार्यालयका सहायक निर्देशक अनिलकुमार झाले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विभिन्न जिल्लामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

२०७६ भदौको अन्तिम साता नुवाकोट, रसुवा, सिन्धुली र पर्सा जिल्लाका विभिन्न स्थानमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भएका छन् । गभर्नरको कार्यालयको समन्वयमा नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघद्वारा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गरिएको हो ।

संघले भदौ २७ गते नुवाकोटस्थित लिखु गाउँपालिकाको नारायणदेवी उमाविमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रममा स्थानीय कृषक, महिला, स्थानीय व्यवसायी र विद्यार्थी समेत कुल १९६ जनाको सहभागिता थियो ।

सो अवसरमा संघका तर्फबाट स्रोत व्यक्तिद्वय नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका उपाध्यक्ष सिद्धिकृष्ण जोशी र सदस्य किशोरी थापाले बचत, कर्जा, बैंकिङ अभ्यास, आधुनिक भुक्तानी प्रणाली, बैंकिङ कसुर, सफा नोट नीति, वीमा सम्बन्धी व्यवस्था आदिका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक सुरेशकुमार दहालले स्वागत मन्तव्य व्यक्त गर्नुभयो । साथै उहाँले सहभागीको तर्फबाट राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यक्रम नारायणदेवी उमाविका सहायक प्रधानाध्यापक दीपकराज सिटौलाको सभापतित्वमा सम्पन्न भएको थियो ।

साथै, संघले भदौ २८ गते रसुवाको कालिकास्थान गाउँपालिका-२ स्थित हिमालय उमाविमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रममा स्थानीय कृषक, महिला, स्थानीय व्यवसायी र विद्यार्थी समेत कुल १०६ जनाको सहभागिता थियो । उक्त कार्यक्रममा पनि पूर्व कर्मचारी संघका उपाध्यक्ष सिद्धिकृष्ण जोशी र सदस्य किशोरी थापाले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै बैंकिङ प्रणालीको आधारभूत जानकारी, बचत, कर्जा र लगानीको अवधारणा, रेमिट्यान्स कारोबार, लघुवित्त, मोबाइल बैंकिङ, वीमा लगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।




कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक सुरेशकुमार दहालले स्वागत मन्तव्य व्यक्त गर्नुभयो । साथै उहाँले सहभागीको तर्फबाट राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यक्रम हिमालय उमाविका प्रतिनिधि पार्वती आचार्यको सभापतित्वमा सम्पन्न भएको थियो ।

यसैगरी, पूर्व कर्मचारी संघले भदौ २७ गते सिन्धुलीको कमलामाई-६ स्थित गौमती उमाविमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो । ज्येष्ठ नागरिक संघ, सिन्धुलीका अध्यक्ष एवम् प्रदेश नं. ३ संयोजक देवीप्रसाद देवकोटाको सभापतित्व तथा कमलामाई नगरपालिकाका प्रमुख खड्गबहादुर खत्रीको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा स्थानीय अभिभावक र विद्यार्थी समेत कुल ९० जनाको उपस्थिती थियो ।

सो अवसरमा संघका महासचिव भोलानाथ प्रेमीले कार्यक्रम सञ्चालन गर्नुभयो भने अध्यक्ष श्यामबहादुर श्रेष्ठले बैंकिङ प्रणालीका आधारभूत जानकारीलाई समेटेर वित्तीय सचेतना सम्बन्धी वार्ता प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि खत्रीले कार्यक्रम आयोजनाको निम्ति धन्यवाद दिँदै वित्तीय सचेतना र बैंकिङ प्रणालीको प्रयोगबाट भ्रष्टाचार न्यूनीकरणमा टेवा पुग्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयका सहायक निर्देशक रामविलास महतो, वीमा संस्थानका प्रतिनिधि रमेश घिमिरे, सामुदायिक सेवा समितिका अध्यक्ष रामबहादुर हायु लगायतको उपस्थिति थियो ।



सो अवसरमा कार्यक्रमका सभापति देवकोटाले वित्तीय सचेतना अभिवृद्धि सम्बन्धी अन्तरक्रिया आयोजनाको निम्ति धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

यसैगरी, पूर्व कर्मचारी संघले भदौ २८ गते पर्सा जिल्लाको बहुदरमाइ नगरपालिका-२, वैरिया विर्तामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो । बहुदरमाइ-२ का वडाध्यक्ष जितेन्द्र पटेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा १०० पुरुष र २० महिला गरी कुल १२० जना स्थानीय बासिन्दाको सहभागिता थियो ।

सो अवसरमा पूर्व कर्मचारी संघका सदस्य प्रमोदप्रसाद नेपालले बैंकिङ प्रणालीका आधारभूत जानकारी सम्बन्धी वार्ता प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा ठाकुरराम बहुमुखी क्याम्पसका प्रमुख प्रदीप कुशवाहा, नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयका सहायक निर्देशक नरेशकुमार सर्राफ लगायतको उपस्थिति थियो । सो अवसरमा वडाध्यक्ष पटेलले कार्यक्रम सञ्चालनप्रति आयोजकलाई धन्यवाद दिँदै यस्तो कार्यक्रमले सर्वसाधारणमा वैकिङ कारोबारको वानी विकास हुने विश्वास व्यक्त गर्नुभयो ।

# तीजको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम



हिन्दू महिलाहरूको विशेष पर्व तीजका अवसरमा नेपाल राष्ट्र बैंक सम्बद्ध दुई वटा कर्मचारी युनियनले छुट्टाछुट्टै शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेका छन् ।

नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक केन्द्रीय समितिले २०७६ भदौ ४ गते बालुवाटारस्थित बैंक परिसरमा तीजको शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको हो । गभर्नर डा. चिरंजीबि नेपालले उक्त कार्यक्रमको उद्घाटन गर्नुभयो । कार्यक्रममा गभर्नर डा. नेपालले सम्पूर्ण महिला कर्मचारीलाई शुभकामना व्यक्त गर्नुभयो । तीजको अवसरमा उहाँले कर्मचारीहरूबीच आपसी सद्भाव र उत्प्रेरणा मिल्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक नीलम तिम्सिना, नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्रिय समितिका अध्यक्ष पदमराज रेग्मी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्र बैंक समितिका पूर्व बरिष्ठ उपाध्यक्ष भगवती अधिकारी, कार्यक्रमका संयोजक मीना कुँवर कालिकोटे लगायतले तीजका अवसरमा शुभकामना मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा संघका सदस्य कमला कार्कीले स्वागत मन्तव्य राख्नु भयो भने रागनी सिंहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । संघका अध्यक्ष रेशमराज रेग्मीको अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएको हो । औपचारिक कार्यक्रमको समापनपछि नाचगान र दर खाने कार्यक्रम आयोजना गरिएको थियो ।



यसैगरी, नेपाल राष्ट्र बैंक कर्मचारी संघले २०७६ भदौ ११ गते बालुवाटारस्थित बैंक परिसरमा तीजको शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । राष्ट्रिय सभाका सदस्य एवम् पेशागत महासंघका उपाध्यक्ष उदया शर्माले कार्यक्रमको उद्घाटन गर्नुभयो । सो अवसरमा उहाँले तीजको शुभकामना मन्तव्य व्यक्त गर्दै महिलाको हक अधिकारका सवालमा आफूले राष्ट्रिय सभामा आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक नीलम तिम्सिना, नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष ढुण्डीराज मिश्र, नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष रेशमबहादुर बल्छौडीले शुभकामना व्यक्त गर्नुभएको थियो । संघको महिला विभाग संयोजक कमला अर्यालको संयोजकत्वमा आयोजित उक्त कार्यक्रममा विभागका सचिव शारदा लोहनीले स्वागत मन्तव्य राख्नुभएको थियो । सदस्य गीता पोखेल लम्सालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । औपचारिक कार्यक्रमपछि नाचगान र दर खाने कार्यक्रम आयोजना गरिएको थियो ।

# वैदेशिक तालिम/सेमिनारमा सहभागिता

गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के Alliance for Financial Inclusion (AFI) द्वारा २०१९ सेप्टेम्बर १०-१३ मा रुवाण्डाको किगालीमा आयोजित Proportionate Application of Global Standards Working Group Meeting विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्री, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र भुक्तानी प्रणाली विभागका उप-निर्देशक कृष्णप्रसाद शर्मा समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट Reserve Bank of India (RBI) ले २०१९ सेप्टेम्बर ५-६ मा भारतको मुम्बईमा आयोजना गरेको Meeting of The Joint Technical Cooordination Committee Between RBI & NRB विषयक कार्यक्रममा सहभागी हुनुभयो । विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक सरीता अधिकारी, गभर्नरको कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिला, सोही कार्यालयका उप-निर्देशक सुरेशकुमार दाहाल पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

सामान्य सेवा विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारी IBFI द्वारा २०१९ सेप्टेम्बर २-६ मा फ्रान्सको पेरिसमा आयोजित Transforming a Central Bank विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

यसैगरी, धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारी DEUTSCHE BUNDESBANK ले २०१९ अगष्ट २८-२९ मा जर्मनीको फ्रयाङ्कफर्टमा आयोजना गरेको Expert Panel on Innovations in The Field of Cashless Payments विषयक कार्यक्रममा सहभागी हुनुभयो । भुक्तानी प्रणाली विभागका निर्देशक सुभाषचन्द्र घिमिरे ECB द्वारा २०१९ सेप्टेम्बर २-६ मा जर्मनीको फ्रयाङ्कफर्टमा आयोजित 2019 ECB Seminar on Market Infrastructure and Payments विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका निर्देशक सुदिप फुयाल SEACEN ले २०१९ सेप्टेम्बर १६-२० मा इण्डोनेशियाको जकार्तामा आयोजना गरेको SEACEN Course on Financial Stability and Macro prudential Supervision विषयक कार्यक्रममा सहभागी हुनुभयो । सामान्य सेवा विभागका उप-निर्देशक विनोद लेखक, धनगढी कार्यालयका सहायक निर्देशक गोपालप्रसाद श्रेष्ठ, बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक सचिनराज पिया पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंकिङ कार्यालयका निर्देशक निभा श्रेष्ठ KOICA द्वारा २०१९ सेप्टेम्बर ८-२१ मा कोरियाको सोलमा आयोजित Macro Economic Development Strategies Improvement विषयक कार्यक्रममा सहभागी हुनुभयो । विराटनगर कार्यालयका सहायक निर्देशक खिलबहादुर श्रेष्ठ पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । सामान्य सेवा विभागका का.मु.निर्देशक डिलाराम सुवेदी ISCB ले २०१९ सेप्टेम्बर १६-१८ मा टर्कीको इस्तानबुलमा आयोजना गरेको Organizational Transformation at Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका का.मु. निर्देशक वीरेन्द्रदत्त अवस्थी IMF द्वारा २०१९ सेप्टेम्बर १६-२७ मा वासिङ्टन डीसीमा आयोजित Financial Soundness Indicators विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

यसैगरी, संस्थागत योजना विभागका का.मु. निर्देशक लक्ष्मीप्रसाद प्रसाईं RBI ले २०१९ सेप्टेम्बर १८-२० मा भारतको मुम्बईमा आयोजना गरेको Risk Management and Risk Based Internal Audit विषयक कार्यक्रममा सहभागी हुनुभयो । आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशकत्रय सुमनराज डंगोल, भीमप्रसाद अधिकारी र सुदिपकुमार न्यौपाने तथा संस्थागत योजना विभागका सहायक निर्देशक डा. महेशकुमार चौलागाईं समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक विज्ञानराज सुवेदी Bank of Korea द्वारा २०१९ सेप्टेम्बर १६-२० मा कोरियाको सोलमा आयोजित Macroeconomic Forecasting विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक मिलन राई SEACEN ले २०१९ अगष्ट २५-३० मा मङ्गोलियामा आयोजना गरेको SEACEN Course on Financial Cycles and Crises विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्त कम्पनी सुपरिवेक्षण विभागका उप-निर्देशक पुष्पा अधिकारी, वित्त व्यवस्थापन विभागका का.मु.उप-निर्देशक शशीदेवी कर्ण र विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक ध्रुव पोखरेल समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक यज्ञ श्रेष्ठ SEACEN द्वारा २०१९ अगष्ट २६-३० मा भियतनाममा आयोजित SEACEN -Bank of Japan Course on Information and communication Tech. Risks विषयक कार्यक्रममा सहभागी हुनुभयो । सूचना प्रविधि विभागका सहायक निर्देशक (सू.प्र.) सुरेश पौडेल समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । आन्तरिक लेखापरीक्षण विभागका उप-निर्देशक रामकुमार खत्री European Central Bank (ECB) ले २०१९ सेप्टेम्बर ३-६ मा दक्षिण कोरियाको सोलमा आयोजना गरेको Internal Audits and Management विषयक कार्यक्रममा सहभागी हुनुभयो । सोही विभागका उप-निर्देशक अस्मिता गोर्खाली र सहायक निर्देशक मेघप्रसाद लामिछाने पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । विकास

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक विनय सिग्देल Yunnan International Center for Economic and Technical Exchange द्वारा २०१९ सेप्टेम्बर २०-२९ मा चीनको कुनमिङमा आयोजित Anti-Money Laundering for Nepal विषयक कार्यक्रममा सहभागी हुनुभयो।

यसैगरी, अनुसन्धान विभागका उप-निर्देशक सोना राना IMF STI द्वारा २०१९ सेप्टेम्बर २-१३ मा सिंगापुरमा आयोजित Microeconomic Diagnostics विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक केशवप्रसाद तिमिल्सिना SEDRA द्वारा २०१९ सेप्टेम्बर ४-७ मा आर्मेनियामा आयोजित Training on Micro and MSME Finance Regulation and Supervision Activities in Armenia विषयक कार्यक्रममा सहभागी हुनुभयो । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उप-निर्देशक बशिष्ठ अधिकारी, सोही विभागका सहायक निर्देशक (अ.मा.) सुरेश के.सी., सहायक निर्देशक (अ.मा.) देवेशमान जोशी, सहायक निर्देशक (अ.मा.) जयनारायण प्रधान, विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक (अ.मा.) धनबहादुर श्रेष्ठ पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक गंगा थापा बस्नेत र वित्त कम्पनी सुपरिवेक्षण विभागका उप-निर्देशक रञ्जना शर्मा BIS ले २०१९ सेप्टेम्बर ४-५ मा स्विट्जरल्याण्डको बासेलमा आयोजना गरेको 9th FSI-IADI Conference on Crisis Management, Bank Resolution and Deposit Insurance विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्तीय जानकारी इकाईका उप-निर्देशकद्वय स्वरुप श्रेष्ठ र बृहत श्रेष्ठ APG द्वारा २०१९ सेप्टेम्बर २-६ मा इण्डोनेशियाको बाङ्डुङमा आयोजित APG Assessor Training विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

यसैगरी, विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक वासुदेव भट्टराई Zurich Kantonal Bank द्वारा २०१९ सेप्टेम्बर ८-१३ मा स्विट्जरल्याण्डको जुरिचमा आयोजित Central Banks Seminar विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंकिङ कार्यालयका उप-निर्देशक ऋषिराम बराल IMB द्वारा २०१९ सेप्टेम्बर ९-१२ मा टर्कीको इस्तानबुलमा आयोजित Payment Systems and Instrument विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक दीपक पोखरेल र भुक्तानी प्रणाली विभागका उप-निर्देशक तीर्थराज ओझा Academy for International Business Office, China ले २०१९ सेप्टेम्बर ९-२९ मा चीनको बेइजिङमा आयोजना गरेको 2019 Seminar on Cross Boarder E-Commerce Infrastructure Building and Development विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक राजेशप्रसाद शर्मा DEUTSCHE BUNDESBANK द्वारा २०१९ सेप्टेम्बर १८-२० मा जर्मनीको फ्रयाङ्कफर्टमा आयोजित Expert Panel on Financial Consumer Protection in Cooperation With The Federal Financial Supervisory Authority (BaFin) विषयक कार्यक्रममा सहभागी हुनुभयो । विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक प्रेमलाल ज्ञवाली BIS ले २०१९ सेप्टेम्बर १६-२० मा स्विट्जरल्याण्डको ग्याटमा आयोजना गरेको BIS Banking Seminar 2019 विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका उप-निर्देशक आलोकज्योती शाक्य Bank of Korea द्वारा २०१९ सेप्टेम्बर १६-२० मा दक्षिण कोरियाको सोलमा आयोजित Macroeconomic Forecasting विषयक कार्यक्रममा सहभागी हुनुभयो । गभर्नरको कार्यालयका उप-निर्देशक सुरेशकुमार दहाल Royal Authority of Bhutan ले २०१९ सेप्टेम्बर १८-१९ मा भुटानको थिम्पुमा आयोजना गरेको 30th SAARC Finance Coordinators Meeting विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक पुष्पराज शर्मा विनाडी ECB द्वारा २०१९ सेप्टेम्बर २-४ मा टर्कीको इस्तानबुलमा आयोजित Making Use of Big Data in Emerging Market Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो। अनुसन्धान विभागका सहायक निर्देशक बाबुराम कोइराला IMF STI ले २०१९ सेप्टेम्बर २-६ मा सिंगापुरमा आयोजना गरेको Statistics on International Trade in Goods and Services विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक मञ्जु पौड्याल Gerzensee द्वारा २०१९ सेप्टेम्बर २-१९ मा स्विट्जरल्याण्डको गर्जेन्सीमा आयोजित Instruments of Financial Markets विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

## सरुवा

जनशक्ति व्यवस्थापन विभागले विभिन्न श्रेणीका ६ जना कर्मचारीको सरुवा गरेको छ । मिति २०७६ भदौ २६ को निर्णयानुसार उक्त सरुवा गरिएको विभागले जनाएको छ । विभागका अनुसार, वित्त कम्पनी सुपरिवेक्षण विभागका उप-निर्देशक प्रल्हाद गिरी संस्थागत योजना विभाग, संस्थागत योजना विभागका उप-निर्देशक डा. शालिकराम पोखरेल सुर्खेत कार्यालय, नेपालगञ्ज कार्यालयका सहायक निर्देशक समिरकुमार सिंह सुर्खेत कार्यालय, वित्त व्यवस्थापन विभागका सहायक ऋचा दाहाल विराटनगर कार्यालय, सामान्य सेवा विभागका सहायक शिशिर शर्मा सिद्धार्थनगर कार्यालय र नेपालगञ्ज कार्यालयका सहायक विरजित रोकाया सुर्खेत कार्यालयमा सरुवा हुनुभएको छ ।

## अनिवार्य अवकाश

राष्ट्र ऋण व्यवस्थापन विभागका उप-निर्देशक हिरण्य निरौलाले २०७६ कात्तिक १ देखि बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

# गभर्नर डा. नेपाल र लण्डन सिटीका लर्ड मेयरबीच भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपाल र लण्डन सिटीका लर्ड मेयर पिटर इस्ट्लिनबीच २०७६ भदौ २९ गते गभर्नरको कार्यालयमा भेटवार्ता भयो । रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) प्रणाली उद्घाटनको अवसरमा काठमाडौं आएका बखत लर्ड मेयर इस्ट्लिनले गभर्नर डा. नेपालसँग भेटवार्ता गर्नुभएको हो ।

भेटका अवसरमा उहाँहरूबीच नेपालको समग्र वित्तीय प्रणाली, वित्तीय पहुँच तथा समावेशीकरण र आरटीजीएस प्रणाली कार्यान्वयनको विषयमा छलफल भयो । सो अवसरमा गभर्नर डा. नेपालले आरटीजीएसको प्रयोगसँगै वित्तीय कारोबार छिटो, छरितो, सुरक्षित र विश्वसनीय हुने र एकैसाथ धेरै कारोबारहरू गर्न सकिने धारणा राख्नुभयो । साथै, गभर्नर डा. नेपालले वित्तीय प्रविधिको प्रभावकारिताको लागि विद्युतीय माध्यमबाट हुने कारोबारलाई सुरक्षित र भरपर्दो तुल्याउन नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको विचार व्यक्त गर्नुभयो । यसबाट अनौपचारिक कारोबारलाई निरुत्साहित गर्दै औपचारिक कारोबारको प्रवर्द्धन र वित्तीय सेवाको पहुँच अभिवृद्धिमा समेत योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा लण्डनका लर्ड मेयर इस्ट्लिनले वित्तीय प्रविधिलाई विश्वसनीय तुल्याउन सकेको खण्डमा आर्थिक तथा वित्तीय प्रणालीको विकासमा टेवा पुग्ने धारणा राख्नुभयो । प्रविधिको उपयुक्त प्रयोग भएको खण्डमा त्यसबाट सेवाग्राही लाभान्वित हुने र वित्तीय पहुँच तथा समावेशीकरणमा मद्दत पुग्ने समेत उल्लेख गर्नुभयो । साथै, उहाँले नयाँ प्रविधिको प्रयोगका क्रममा जोखिम र चुनौतीहरू समेत आउनसक्ने भएकाले त्यसतर्फ सचेत रहन सुझाव दिनुभयो ।

भेटका अवसरमा गभर्नर डा. नेपालले नेपालको वित्तीय प्रणालीलाई आधुनिकीकरण गर्नका लागि बेलायती सहयोग नियोगबाट सहयोग प्राप्त भएको उल्लेख गर्दै त्यसको निम्ति बेलायती संस्थाहरूलाई धन्यवाद व्यक्त गर्नुभयो ।

उक्त भेटका अवसरमा नेपालका लागि बेलायती राजदूत रिचार्ड मोरिस र डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको समेत उपस्थिति रहेको थियो ।

## गभर्नर डा. नेपाल AFI को सञ्चालक समितिमा मनोनित



गभर्नर डा. चिरंजीबी नेपाल Alliance for Financial Inclusion (AFI) को सञ्चालक समितिको सदस्यमा नियुक्त हुनुभएको छ ।

२०७६ भदौ २५ गते रुवाण्डाको किगालीमा सम्पन्न AFI को चौंथो वार्षिक बैठकले गभर्नर डा. नेपाललाई उक्त संस्थाको सञ्चालक समितिको सदस्यमा मनोनयन गरेको हो ।

बैठकले Central Bank of Egypt का गभर्नर Tarek Amer लाई AFI सञ्चालक समितिको अध्यक्षमा मनोनयन गरेको छ । यसैगरी, Financial Regulatory Commission of Mongolia का अध्यक्ष Dr. Davaasuren Sodnomdarjaa, Central Bank of Samoa का गभर्नर Maiava Atalina Ainu'u Enary, Banque Centrale Des Etats De L'afrique De L'ouest (BCEAO) का गभर्नर Tiemoko Meyliet Kone, Central Bank of Armenia का गभर्नर Arthur Javadyan, Central Bank of Kenya का गभर्नर Dr. Patrick Njoroge, Comision Nacional Bancaria y de Valores (CNBV) Mexico का अध्यक्ष Adalberto Palma र Banco Central del Paraguay का अध्यक्ष Jose Cantero Sienra समितिको सदस्यमा मनोनित हुनुभएको छ । यस्तै Non-voting सदस्यमा Bastien Bedossa र Dr. Alfred Hannig चयन हुनुभएको छ । सञ्चालक समितिका पदाधिकारीको पदावधि तीन वर्ष रहने व्यवस्था छ ।

विकासोन्मुख र अल्पविकसित मुलुकमा वित्तीय पहुँच र वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्ने मुख्य उद्देश्यका साथ सन् २००८ मा AFI को स्थापना भएको हो । ९० भन्दा बढी विकासोन्मुख मुलुकका केन्द्रीय बैंक तथा वित्तीय क्षेत्रका नियामक संस्थाहरु AFI मा आबद्ध छन् । नेपाल राष्ट्र बैंक २०१० डिसेम्बर २ देखि AFI मा आबद्ध रहँदै आएको छ ।

**प्रकाशक**

नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा

बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/३६२

ईमेल : samachar@nrb.org.np, वेबसाईट : www.nrb.org.np

**सम्पादक**

सुशिल ज्ञवाली

**सम्पादन सहयोगी**

विष्णुदत्त पाण्डेय

लालकुमार सुवेदी

नवीना ताम्राकार

**मुद्रण :** अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, **फोन नं.** ०१-५७०६११६, ५७०५९१८